अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।०३।२४ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

डिभिजन वन कार्यालय, चितवनका कर्मचारी अनुसन्धान अधिकृत रेन्जर जगदिप गौतमले रु.१,५०,०००।—(एक लाख पचास हजार रुपैयाँ) घुस/रिसवत माग गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा डिभिजन वन कार्यालय, चितवनका तत्कालीन रेन्जर जगदिप गौतमले विना इजाजत साल चिरान काठ ओसार पसार मुद्दामा सेवाग्राहीसँग रु.१,५०,०००।- घुस/रिसवत माग गरी भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएकोले निज जगदिप गौतमको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निजलाई बिगो रु.१,५०,०००।-(एक लाख पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी